# विद्युत उत्पादन कम्पनी लिमिटेड

## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि, २०७९

**प्रस्तावना:** विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि कम्पनीको नियमावलीको नियम ३६ को प्रयोजनको लागि समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "कम्पनी" भन्नाले विद्युत उत्पादन कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावली, २०७३ सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले कम्पनीको नियमावलीको नियम २७ बमोजिम गठन भएको कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ङ) "छनौट समिति" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) मा व्यवस्था भए बमोजिम कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि समितिले गठन गरेको छनौट समिति सम्झनु पर्छ ।

३. **दरखास्त आह्वान गर्नु पर्ने** : (१) कम्पनीमा रिक्त भएको वा हुने प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिका लागि छनौट समितिले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा १५ दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र ३ (तीन) वटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद सकिएको ३ (तीन) कार्य दिन भित्र पुनः ७ (सात)

दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थप भएको म्याद भित्र थप दरखास्त प्राप्त नभई जम्मा ३ वटा भन्दा कम दरखास्त कायम हुन आएमा समेत छनौटको प्रक्रिया अगाडि वढाउन बाधा पर्ने छैन ।

४. <u>दरखास्तको सूचनामा खुलाउनु पर्ने विषयहरु</u>: (१) दफा ३ बमोजिम प्रकाशन गरिने दरखास्त आह्वानको सूचनामा दरखास्तसाथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने विषय खुलाउनु पर्नेछ :-

(क) दरखास्त पेश गर्ने मिति, समय, स्थान र माध्यम,

(ख) उम्मेदवारले पेश गर्ने कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी उम्मेदवार आफैले दस्तखत गरी प्रतिलिपि पेश गर्नु पर्ने विषयहरु,

(ग) प्रमुख कार्यकारी अधिकृतको छनौट प्रकृया,

(घ) प्रमुख कार्यकारी अधिकृतको पदको कार्य विवरण,

(ङ) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र अन्य सुविधा,

(च) कार्य सम्पादन सम्झौता गर्नु पर्ने विषय,

(छ) कम्पनीको नियमावली, २०७३ (दोस्रो संशोधन) नियम ३६ (५) बमोजिम उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,

(ज) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, व्यवसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु र सरकारी कोषबाट पारिश्रमिक दिने पदमा कार्यरत उम्मेदवारले सम्बधित संस्थाको सहमतिपत्र,

(झ) उम्मेदवारले आफ्नो दरखास्त साथ अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्टमा बाह्र साईजमा पाँच हजार शब्दमा नबढ्ने गरी कम्पनीको व्यावसायिक रणनीति सहितको कार्ययोजना नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा तयार गरी सोको तीन प्रति सिलवन्दी गरी सहिछाप गरी खामको बाहिर पट्टी मात्र नाम थर, ठेगाना लेखि पेश गर्नु पर्ने बिषय,

(ञ) खण्ड (झ) बमोजिम उम्मेदवारले व्यवसायिक रणनीति तथा कार्ययोजना बनाउँदा दफा ५ मा उल्लेख भए बमोजिम बनाउनु पर्ने बिषय,

(ट) अन्य आवश्यक बिषय ।

(२) दरखास्त आह्वानको सूचनामा उपदफा (१) मा उल्लेख भएका विवरण तथा कागजातका अतिरिक्त उम्मेदवारले नियमावलीको अनुसूची-१ बमोजिमको विषयहरु उल्लेख गरी हस्ताक्षर सहितको स्वःघोषणाको कागज समेत पेश गर्नु पर्ने व्यहोरा समेत खुलाउनु पर्नेछ ।

५. <u>व्यवसायिक रणनीति तथा कार्ययोजना</u> : प्रमुख कार्यकारी अधिकृतले व्यवसायिक रणनीति तथा कार्ययोजना पेश गर्दा निजलाई दिइने देहायका बुँदाहरु समेत समावेश गर्नुपर्नेछ :-

(क) जलविद्युत विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य : विद्युतको उत्पादन, लगानी तथा विकासको अन्तर्राष्ट्रिय परिदृश्य, ऊर्जाको माग तथा आपूर्तिको प्रवृति र अवस्था, नेपालमा जलविद्युत तथा अन्य श्रोतबाट उत्पादन हुने विद्युत उत्पादनको विद्यमान अभ्यास, नेपालमा जलविद्युत विकासको वर्तमान अवस्था, विद्युत आयोजनाहरुको आवश्यकता, सम्भाव्यता, चुनौती, जलविद्युत क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीका श्रोतहरु, विद्युत आयोजनाहरुमा लगानी तथा कार्यान्वयनका बिभिन्न मोडेलहरु आदि ।

(ख) संस्थागत सुशासन तथा आयोजना व्यवस्थापन कार्ययोजना : कम्पनीको परिचय र उद्देश्य, कम्पनीको आगामी रणनीतिक योजनाको अवधारणा, संस्थागत सुशासन, आयोजनाको करार व्यबस्थापन, खरिद व्यवस्थापन, निर्माण व्यवस्थापन, वित्ती व्यवस्थापनका नीतिगत एवंम् व्यावहारिक पक्षको विश्लेषण, विद्युतीय प्रणालीको प्रयोग, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम विश्लेषण तथा व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन, आयोजना व्यवस्थापन, सहायक कम्पनीहरु सँग समन्वय, सहकार्य र नियन्त्रणका विधि, अन्य सरकारी निकायहरु, संस्थान, निजीक्षेत्र र प्रभावित समुदायसँग समन्वय, सहजीकरण सम्बन्धी कार्यहरु, जलविद्युत आयोजना व्यवस्थापनका प्रमुख चुनौतीहरु आदि सहितको कार्ययोजना ।

(ग) प्रक्षेपित वित्तीय विवरणः कम्पनीले अघी बढाएका आयोजनाकाहरुको वर्तमान अवस्था, कम्पनीको सबल तथा दुर्बल पक्ष एवम् चुनौती, आयोजना विकासका लागि कम्पनीले अबलम्बन गर्ने प्रमुख रणनीतिहरु, आयोजना विकास तथा व्यबस्थापनको आगामी चार वर्षको मार्ग चित्र र कार्य योजना, चार वर्ष पछिको कम्पनीका आयोजनाहरूको वित्तीय, प्रशासनिक, प्राविधिक अवस्थाको चित्रण सहित प्रक्षेपित वित्तीय विवरण, कम्पनीको विकासको लागि अबलम्बन गर्नुपर्ने रणनीतिक उदेश्य तथा लक्ष्य सहितको चार वर्षको कार्य योजना ।

(घ) कार्ययोजना कार्यान्वयनः कार्ययोजना कार्यान्वयनको संरचनागत व्यवस्था, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्यांकन कार्ययोजना, कम्पनीको वित्तीय योजना, सरोकारवालाहरु संगको सहकार्यको योजना आदि।

६. <u>मूल्याङ्कनका आधार र सोको अङ्कभार</u> : (१) छनौट समितिले प्रमुख कार्यकारी अधिकृतको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारमा कूल अंकभार १०० (एक सय) कायम गरी देहाय बमोजिमको अंकभारको आधारमा गर्नु पर्नेछ :-

| | |
|---|---|
| (क) कार्य अनुभव वापत | ३० अङ्क |
| (ख) व्यवसायिक रणनीति तथा कार्ययोजना वापत | २० अङ्क |
| (ग) व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुतीकरण वापत | २० अङ्क |
| (घ) अन्तर्वार्ता वापत | ३० अङ्क |

(२) कार्य अनुभव वापतको अङ्क दिँदा नियमावलीमा तोकिएको न्यूनतम कार्य अनुभव वापत २० अङ्क र पूर्वाधार आयोजनाको निर्माण तथा व्यवस्थापनको क्षेत्रमा प्रत्येक वर्षको कार्य अनुभवका लागि थप २ (दुई) अंकका दरले बढीमा ५ वर्षको १० अङ्क समेत गरि जम्मा ३० अङ्क दिनु पर्नेछ । तर एक वर्ष भन्दा कम अवधिको कार्य अनुभव वापत दामासाहीले अंक गणना गर्नुपर्ने छ ।

(३) व्यवसायिक रणनीति तथा कार्ययोजनावापतको अङ्क दिँदा देहाय बमोजिम दिनु पर्नेछ :-

| | |
|---|---|
| (क) जलविद्युत विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य | - ५ अङ्क |
| (ख) संस्थागत सुशासन तथा आयोजना व्यवस्थापन कार्ययोजना | - ५ अङ्क |
| (ग) प्रक्षेपित वित्तीय विवरण | - ५ अङ्क |

(घ) कार्य योजनाको कार्यान्वयन - ५ अङ्क

(४) प्रस्तुतिकरण वापतको अङ्क दिँदा देहाय बमोजिम गरी दिनु पर्नेछ :-

(क) तर्कपूर्ण प्रस्तुती - ५ अङ्क

(ख) विषय वस्तुको विश्लेषणात्मक बुझाई - ५ अङ्क

(ग) कार्ययोजना प्रतिको स्पष्टता - ५अङ्क

(घ) सञ्चार कौशल - ५ अङ्क

(५) अन्तर्वार्ताको अङ्क दिँदा देहाय बमोजिम गरी दिनु पर्नेछ :-

(क) विषयवस्तुको ज्ञान -१५अङ्क

(ख) व्यवस्थापन तथा नेतृत्व गर्ने क्षमता -१०अङ्क

(ग) व्यक्तित्व र आत्मविश्वास -५ अङ्क

(६) छनौट हुने उम्मेदवारको मूल्याङ्कन सम्वन्धि अन्य विषयहरु छनौट समिति आफैले निर्धारण गर्न सक्नेछ ।

७. <u>छनौट प्रकृया</u> : (१) दफा ३ बमोजिम कम्पनीमा प्राप्त कागजात दरखास्त दिने म्याद समाप्त भएको ३ कार्य दिनभित्र छनौट समितिमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीमा प्राप्त दरखास्त तथा कागजातहरु छनौट समितिमा पठाउँदा उम्मेदवारले सिलबन्दी गरी पेश गरेको व्यवसायिक रणनीति तथा कार्ययोजना समेत पठाउनु पर्नेछ ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता र अनुभवका आधारमा छनौट सूची तयार गरी रित पुगेका उम्मेदवारको व्यवसायिक रणनीति तथा कार्ययोजना मात्र परीक्षण गराउनु पर्नेछ ।

(४) व्यवसायिक रणनीति तथा कार्ययोजना परीक्षण गराउँदा २ जना सम्बन्धित विषय विज्ञबाट गराउनु पर्नेछ । यसरी परीक्षण गराउँदा ७ दिन भित्र उम्मेदवारको परिचय नखुल्ने गरी छुट्टाछुट्टै कोडिङ्ग समेत गरी गोप्य रुपमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको आधारमा औसत अङ्क निकाली त्यसलाई व्यवसायिक रणनीति तथा कार्ययोजना वापतको प्राप्ताङ्कको रुपमा तालिका बनाई गणना गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम परीक्षणबाट ४० प्रतिशत वा सो भन्दा बढी प्राप्त गरेका उम्मेदवारहरुको प्राप्त अंकमा दफा ६ को उपदफा (२) बमोजिमको कार्यअनुभव वापतको अंक जोडी गणना गर्दा अधिकतम अंक ल्याउने बढीमा ६ जना उम्मेदवारहरुको सूची तयार गरी सम्बन्धीत कागजात शिलबन्दी गर्नु पर्नेछ ।यस्तो प्राप्ताङ्क उल्लेख भएको कागजात अन्तर्वार्ता लिई सके पछि अन्तिम अङ्क गणना गर्दा छनौट समितिले तोकेको कर्मचारीले मात्र खोल्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको सूचीमा नपरेका उम्मेदवारलाई त्यस पछिका छनौट प्रकृयामा समावेश गर्न सकिने छैन ।

(८) उपदफा (६) बमोजिमको सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुती र अन्तर्वार्ताको लागि मिति, समय र स्थान तोकी ७ दिनको सूचना दिनु पर्नेछ । उक्त मिति, समय र स्थानमा उम्मेदवारहरुले व्यवसायिक रणनीति तथा कार्ययोजना प्रस्तुती गर्नु पर्नेछ ।

(९) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुँन आउँदा आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका कागजातहरुको सक्कल प्रति साथै लिई आउनु पर्नेछ ।

(१०) छनौट समितिका सदस्यहरुले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको प्रस्तुतीकरणको मूल्याङ्कन गरी दस्तखत गरी शिलबन्दी गरी सहिछाप गर्नु पर्नेछ ।

(११) छनौट समितिले उपदफा (६) बमोजिमको सूचीमा परेका उम्मेदवारको अन्तर्वार्ता लिंदा दफा ६ को उपदफा (५) बमोजिमका आधारमा मूल्याङ्कन गरी प्रत्येक सदस्यले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको अन्तर्वार्ताको मूल्याङ्कन गरी दस्तखत गरी शिलबन्दी गरी सहिछाप गर्नु पर्नेछ ।

(१२) प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क गणना गर्दा दुवै शीर्षकका सवै सदस्यहरुले दिएको अङ्क जोडी अलग-अलग शीर्षकको अलग-अलग औषत निकाली प्राप्ताङ्क कायम गर्नु पर्नेछ ।

(१३) छनौट समितिले कार्य अनुभव वापतको अङ्क, व्यवसायिक कार्ययोजना वापतको प्राप्ताङ्क, कार्ययोजनाको प्रस्तुतीकरण वापतको अङ्क, अन्तर्वार्ता समेतको प्राप्ताङ्क जोडी

तालिका बनाई सोको आधारमा सवैभन्दा बढी अङ्क प्राप्त गर्ने एक जना उम्मेदवार छनौट गरी नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

८. <u>**विज्ञको सहयोग लिन सकिने**</u> : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृत छनौट कार्यमा विज्ञको सहयोग लिन आवश्यक ठानेमा छनौटका सबै चरणमा वा कुनै खास चरणमा छनौट समितिले विज्ञको सहयोग लिन सक्नेछ ।

९. <u>**छनौट सम्बन्धी कागजात गोप्य रहने**</u> : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धमा, व्यवसायिक रणनीति तथा कार्ययोजना, सोको परीक्षण, विज्ञ छनौट, अन्तर्वार्तामा प्राप्त अङ्क तथा अङ्क गणना लागायतका छनौट सम्बन्धी कागजात गोप्य रहने छन् ।

# अनुसूची -१
## (दफा ७ को उपदफा (९) सँग सम्बन्धित)
## प्रस्तुतीकरणको मूल्याङ्कन फाराम

| क्र. सं. | उम्मेदवारको नाम थर | प्राप्ताङ्क —(२० अङ्क) | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | तर्कपूर्ण प्रस्तुति (५अङ्क) | विषय वस्तुको विश्लेषणत्मक बुझाई (५अङ्क) | कार्ययोजना प्रतिको स्पष्टता (५अङ्क) | सञ्चार कौशल (५अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उम्मेदवारको संख्याः प्रस्तुतीकरण मितिः

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाइ भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायतको नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा आदि केही छैन ।

मूल्याङ्कनकर्ताको दस्तखतः

नाम, थरः

दर्जाः

मितिः

द्रष्टव्यः

१. प्रस्तुतीकरण लिइन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार छनौट समितिका अध्यक्ष तथा सदस्य वा विज्ञ सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा

रिस ईवी इत्यादी केही भएमा मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको मूल्याङ्कनमा भाग लिनु हुँदैन । त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ ।

२. मूल्याङ्कनकर्ताले पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । यसरी ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ । कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।

२०८१।११।०८

# अनुसूची-२

(दफा ७ को उपदफा (१०) सँग सम्बन्धित)

अन्तर्वार्ता मूल्याङ्कन फाराम

| क्र. सं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क (३० अङ्क) | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | विषय वस्तुको ज्ञान (१५ अङ्क) | व्यवस्थापन तथा नेतृत्व गर्ने क्षमता (१०अङ्क) | व्यक्तित्व र आत्मविश्वास (५ अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

उम्मेदवारको संख्याः अन्तर्वार्ता मितिः

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाइ भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायत नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा रिस ईवी इत्यादी केही छैन ।

अन्तर्वार्ताकर्ताको दस्तखतः

नाम, थरः

दर्जाः

द्रष्टव्यः

१. अन्तर्वार्ता लिन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिस ईवी इत्यादी केही भएमा त्यस्ता अन्तर्वार्ताकर्ताले त्यस्तो अन्तर्वार्तामा भाग लिनु हुँदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ ।

२. मूल्याङ्कनकर्ताले अन्तर्वार्ताको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । यसरी ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ । कारण नखुलाइ ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।